नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्यालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-१९५ दायर मितिः-२०८१/०८/१७**

**वादी** **फैसला मितिः-२०८१/१०/२८** **प्रतिवादीहरु**

**अरबिन्द कुमार यादवको जाहेरीले नेपाल सरकार.........................१**

**जिल्ला पर्सा बी.म.न.पा.वडा नं.३२ बस्ने काशी महतोको छोरा बर्ष २३ को सुभाष मण्डल समेत ३ जना .........१**

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीहरुले जाहेरवालासमेतलाई कुटपिट गरी घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।

२. प्रतिवादीहरुले जाहेरवालासमेतलाई कुटपिट गरी घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. मैले जाहेरवालासमेतलाई कुटपिट गरी अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादी सुभाष मण्डलको बयान कागज।

४. जाहेरवालासमेतलाई कुटपिट गरी घाईते बनाई अभद्र व्यवहार गरेकोले प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका गोपी महतो समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

६. प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको बयान ।

७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा मिति २०८१।७।२४ गते बिहान अ.०७:३० बजेको समयमा जिल्ला पर्सा बीरगंज म.न.पा. वडा नं.३२ स्थित सडकमा म तथा दाई मुकेश कुमार यादव बसिरहेको अवस्थामा प्रतिवादी सुभाष मण्डल समेतले फलामे रडको टुक्रा समेतले प्रहार गरी लछार पछार गर्दै घाईते बनाई अभद्र व्यवहार गरेको हुँदा विपक्षीहरुलाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष प्रतिवादी सुभाष मण्डलले गरेको बयान तथा प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान समेतको आधारमा यी प्रतिवादीहरुले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी जाहेरवाला समेतलाई प्रतिवादीहरुले कुटपिट गरी अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी सुभाष मण्डललाई कैद दिन २३ र जरिवाना रु.५०००/-, प्रतिवादीहरु काशी महतो धानुक र राज मण्डललाई जनही जरिवाना रु.१००००/- र प्रतिवादीहरुबाट ऐ.ऐ.संहिताको दफा १२७ को हकमा घाईते भई उपचार गराएका मुकेश कुमार यादवलाई उपचार खर्च रु.३१५००/- मात्र भरी भराई दिन ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी सुभाष मण्डललाई ठहरेको कैद दिन २३ को हकमा निज मिति २०८१/०७/२४ देखि २०८१/०८/१६ गते सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा र.नं.१४०/२०८१/०८/१८ दाखिला गरेको धरौटी रकम रु.३६५००/- बाट जरिवाना रकम रु.५०००/- कट्टी गर्नु र बाँकी रकम रु.३१५००/- घाईते भई उपचार गराएका मुकेश कुमार यादवलाई दिनु । साथै प्रतिवादीहरु काशी महतो धानुक र राज मण्डललाई ठहरेको जरिवाना रु.१००००/- निजहरुले क्रमशः र.नं.१९६ र १९७/२०८१/१०/०६ बाट दाखिला गरेको जनही धरौटी रकम रु.१००००/- बाट जनही जरिवाना रु.१००००/- कट्टी गर्नु-----------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्यादिनु-----------------------------------------------------------------------------------------------१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु--------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ माघ महिना २८ गते सोमवार रोज २/ ने.सं. ११४५ सिल्लाथ्व त्रयोदशी, शुभम् ........